# कार्य विवरण

## उत्थान परियोजना अर्न्तगत पैरवी क्रियाकलापहरुको कार्यान्वयनका लागि साझेदारी

### १. पृष्ठभुमि

डिसीए नेपाल मानवीय क्षेत्रमा कार्य गर्ने एक अर्न्तराष्ट्रिय गैरसरकारी संस्था हो । यस संस्थाले गरिबीको रेखामुनि रहेका र सामाजिक रुपमा पछाडि पारिएका जोखिमयुक्त समुदायको जीवन निर्वाहमा सहयोग पुऱ्याउदै आएकोछ । विशेषतः यस संस्थाले नेपालमा जीविकोपार्जन, दीर्घकालीन खाद्य सुरक्षा तथा मानवीय सहायता र विपद व्यवस्थापनमा काम गर्दै आएकोछ । यसै सन्दर्भमा, युरोपिय युनियन (EU) को आर्थिक सहयोगमा डिसीए नेपाल (DCA Nepal) को अगुवाई र लिबर्ड (LI-BIRD) को प्राविधिक सहयोगमा सुदुरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA) द्धारा बेलौरी नगरपालिका वडा नं २ देखि ७ र लालझाडी गाउँपालीकाका सम्पूर्ण वडाहरु (१ देखि ६ नं वडा) र कर्णाली प्रदेशको दैलेख जिल्लामा सामाजिक सेवा केन्द्र (सोसेक) नेपालद्धारा दुल्लु नगरपालिका वडा नं १, २, ३, ४ र ९ तथा आठबीस नगरपालिकाको वडा नं १, २ र ३ मा **'जलवायु समानुकुलन र आर्थिक समृद्धिका लागि समावेशी नागरिक समाज संघ संस्थाहरुको क्षमता अभिवृद्धि (उत्थान) परियोजना'** अर्न्तगत पैरवी क्रियाकलापहरुको कार्यन्वयनका लागि तेस्रो पक्षसँगको साझेदारीमार्फत योग्य संघ, संस्था, सञ्जाल, र महासंघ छनौटको लागी प्रस्ताव पत्र आह्वान गरिएको छ ।

समग्रमा यस उत्थान परियोजनाको उद्देश्य समावेशी, दीर्घकालीन र जलवायुमैत्री आर्थिक समृद्धि तथा क्षमता अभिवृद्धिका लागि नागरीक समाज संस्थाहरुको अर्थपुर्ण सहभागीतामा कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशको जवाफदेही शासन प्रणालीको प्रवर्द्धन गर्नु हो । यसरी विशेषतः यस परियोजनाले कञ्चनपुर तथा दैलेख जिल्लाका छनौट गरिएका पालिकामा मुख्यतः तीन क्षेत्र; क्षमता अभिवृद्धि, र नागरीक समाज संघसंस्थाहरुको जलवायुमैत्री प्रविधि तथा तिनको अभ्यासमा अर्थपुर्ण सहभागीताको प्रवर्द्धनमा गुणस्तरीय नतिजा ल्याउने हेतु काम गर्ने अभिप्राय रहेकोछ ।

### २. प्रस्तावनाको उद्देश्य

यस प्रस्तावनाको समग्र उद्देश्य पैरवी क्रियाकलापको कार्यन्वयनका लागि विभिन्न योग्य सञ्जाल, गठबन्धन तथा महासंघसँग साझेदारी गरी स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरमा जलवायुमैत्री नीति नियम, योजना तथा बजेट विनियोजनमा स्थानीय सरकारको सकृय भुमिका निर्वाह गर्न र गराउन सघाउ पुऱ्याउनु हो । स्थानीय स्तरमा रहेका संघ संस्था तथा सञ्जालको क्षमता अभिवृद्धि गरी आवश्यक आर्थिक सहायता उपलब्ध गराई उक्त सञ्जाल तथा संघसंस्थाको परिचालनमा यस पैरवी क्रियाकलापको कार्यन्वयन गरिनेछ । समग्रमा यस प्रस्तावनाको विशिष्ट उद्देश्य यसप्रकार रहेको छ :

- नागरीक समाज संस्था, सञ्जाल, आदिलाई प्रभावकारी पैरवी सीप तथा स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरको वातावरणमैत्री शासन प्रणाली प्रवर्द्धन गर्नका लागि आवश्यक पैरवी योजनामा वकालत गर्नको लागि क्षमता अभिवृद्धि गर्ने ।
- जलवायुमैत्री नीतिनियम तथा विकासका कार्य कार्यान्वयन गर्ने गराउने क्रियाकलाप तथा पहलको प्रवर्द्धन गरी स्थानीय तहद्धारा जलवायुमैत्री क्रियाकलापनका लागि बजेट विनियोजनमा जोड गराउनु ।

### ३. प्रस्तावनाको संक्षिप्त कार्य विवरण

मथि उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि जिल्ला तथा पालीकास्तरमा रहेका नागरीक समाज संघसंस्था, सञ्जाल र महासंघलाई परिचालन गरी आवश्यक क्षमता अभिवृद्धि तथा आर्थिक सहयोग गरी स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरमा जलवायुमैत्री कृषि अभ्यास तथा प्रविधिको अवलम्बनका गर्न नीतिनियम निर्माणको लागि पैरवी गराउनमा यस प्रस्तावना कार्यक्रमले जोड गर्दछ । यस कार्यक्रम कार्यन्वयनका लागि यस

परियोजनाको कार्यक्षेत्रमा रहेका विभिन्न नागरीक समाज संस्था र पालीकासँग समन्वय गरी स्थानीय सरकारको नीति तथा कार्यक्रममा रहेका, देखिएका अन्तरको पहिचान गरिरहेको छ । सोही अन्तर तथा आवश्यक्ताको अध्ययन तथा निष्कर्षमा आधारित भई छनौट भएका स्थानीय नागरीक समाज संस्थासँगको साझेदारीमा पैरवी कार्यत्रम कार्यन्वयन गरिनेछ। छनौट भएका नागरीक समाज संस्था, सञ्जाल र गठबन्धन तथा महासंघले निम्न कार्य गर्नुपर्नेछ तर यसमा कुनै सीमितता भने हुने छैन ।

- सम्बन्धित जिल्ला तथा पालीकामा रहेका नागरीक समाज संस्थाको लागि निम्न कार्यक्रम गर्नका लागि पैरवी रणनीतिको डिजाईन र सहजीकरण गर्नु :
- स्थानीय, प्रादेशिक र संघीय तहमा परिवर्तन भएका अवस्थाको विश्लेषण
- पालीकास्तरमा भएका तथा अब बन्ने, बनाईने नीतिनियम र योजनामा छलफल
- लैङ्गिक र शक्ति अधिपत्वको विश्लेषण गर्ने र जलवायुमैत्री अभ्यास तथा स्थानीय नागरीक समाज संस्थाको लागि वातावरणमैत्री स्थानीय शासन प्रणाली स्थापनाका लागि आवश्यक रचनात्मक पैरवी र अभियान गर्न उपयुक्त विधि तथा रणनीतिको विकास गर्ने
- परियोजनाले पहिचान गरी प्रस्ताव गरेको पैरवी क्रियाकलाप कार्यन्वयनका लागि साझेदार संस्थासँग संयुक्त रुपमा काम गर्नपर्ने
- पालीकालाई आवश्यक सहायता गरी उनीहरुको सेवाग्राहीप्रति अझ जवाफदेही बन्न सहयोग गर्ने
- अन्य सञ्जाल, महासंघ तथा उत्थान परियोजनाको साझेदार संस्थाको क्षमता अभिवृद्धि गर्ने ।

## ४. प्रस्तावनाको नियम तथा शर्तहरु :

यस प्रस्तावना अर्न्तगत छनौट तथा तोकिएका क्रियाकलापहरुले विभिन्न अभियान, कार्यशाला गोष्ठी, अनुगमन र अन्तर्क्रिया जस्ता कार्यक्रमलाई सहायता गर्नेछ। यस प्रस्तावनाको लागि छनौट भएको संस्थालाई कार्यक्रम, मानव स्रोत तथा प्रशासनिक कार्यको लागि सहयोग हुनेछ । यस प्रस्तावना अर्न्तगत २ ओटा नागरिक समाज संस्था; सञ्जाल, गठबन्धन, संघसंस्था आदिको छनौट गरी आर्थिक सहायता प्रदान गरिनेछ । छनौट भएका संघसंस्था या सञ्जालले पैरवी अभियानको अवधारणा तयार गर्ने र प्रस्तावनामा उल्लेखित क्रियाकलाप अनुसारका अन्य कार्यक्रम गरेको अनुभव भएको हुनुपर्नेछ। यसरी उपलब्ध हुने आर्थिक सहायता सम्झौता पत्र अनुसार किस्ता किस्ताको आधारमा दिईनेछ । प्रस्तावित क्रियाकलापको अवधि ६ देखि १२ महिनाको हुनेछ, जुन स्पष्ट रुपमा प्रस्तावनामा उल्लेख हुनपर्नेछ । छनौट भएको सञ्जाल या संस्था प्रस्तावनामा पारित क्रियाकलापको समयअवधि भित्र सञ्चालन तथा गुणस्तरीय उपलब्धि र नतिजा हासिल गर्नको लागि सम्पुर्ण रुपले जिम्मेवार हुनेछ । प्रस्ताव पत्र नेपाली वा अंग्रेजी जुनसुकै भाषामा हुन सक्नेछन् । क्रियाकलाप सञ्चालनको लागि उत्थान परियोजनाका सम्पुर्ण साझेदार संस्थाहरु DCA Nepal, LI-BIRD, NNSWA र SOSEC Nepal ले आवश्यक सहयोग गर्नेछन् ।

## ५. मुख्य जिम्मेवारी तथा प्रतिवेदन

यस प्रस्तावनाको मुख्य जिम्मेवारीहरु तथा रिपोर्टिङ निम्न अनुसार रहेका छन् :

- नागरीक समाज संस्था, सञ्जाल, गठबन्धन संस्थाको क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक क्रियाकलापको सहजीकरण गर्ने
- स्थानीय नागरीक समाज संस्थाको लागि वातावरणमैत्री शासन वकालत गर्न नीति पैरवीका लागि रणनीति, औजार तथा संयन्त्र निर्माण गर्ने ।
- गुणस्तरीय तथ्यांक, फोटो तथा भिडियो सहितको प्रतिवेदनहरु साझेदार संस्थाहरु र डिसीएलाई पठाउनुपर्नेछ ।

## ६. आवश्यक योग्यता :

- सञ्जाल, संघसंस्सथा सम्बन्धित जिल्ला, पालीका, प्रादेशिक या राष्ट्रिय स्तरमा दर्ता भई नवीकरण तथा लेखापरीक्षण गरेको हुनुपर्नेछ ।

- कम्तीमा पनि विगत २ वर्षदेखि सम्बन्धित जिल्ला, पालीका, प्रदेश या राष्ट्रिय स्तरमा काम गरेको हुनुपर्नेछ ।
- सम्बन्धित विषयमा विशेषज्ञता भएको, समन्वयन, अनुगमन, पैरवी, बहस, अर्न्तक्रिया तथा अभियान सञ्चालन गर्न सक्ने क्षमता भएको हुनुपर्नेछ ।
- सञ्चालन या सम्पन्न भएका क्रियाकलापको तथ्यांक संकलन तथा रिपोर्ट लेख्न सक्ने क्षमता हुनुपर्नेछ ।

## ७. मूल्यांकन

पेश भएको प्रस्तावनाको प्राविधिक क्षमता, प्रस्तावनाको गुणस्तर, कामको अनुभव र काम गर्न आवश्यक लागतको योजनालाई हेरेर मुल्यांकन गरिनेछ । प्रस्तावनालाई त्यसमा उल्लेख भएका प्राविधिक र आर्थिक लागतको आधारमा वर्गीकरण गरिनेछ जसमा प्राविधिक प्रस्तावनाको लागि ७५% र प्रस्तावित मुल्यको लागि २५% दिई श्रेणीमा राखिईनेछ ।

| **प्राविधिक मुल्यांकन** | | **उच्चतम अंकभार** | **उम्मेदवार** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **क** | **ख** | **ग** | **घ** | **ङ** |
| **उम्मेदवारको प्रस्तावना पेश गर्दा हुनपर्ने दक्षता** | | | | | | | |
| १ | सन्दर्भ शर्त (TOR) र कार्यको दायराबारे ज्ञान तथा बुझाई | १५ | | | | | |
| २ | प्रस्तावित कार्यविधि, औजार, दृष्टिकोण, कार्यन्वयन र कार्यक्षेत्रको दायरा अनुसार नतिजा हासीलको रणनीति तथा प्रतिबद्धता | ३० | | | | | |
| ३ | प्रस्तावनाको स्पष्टता, कार्यक्रमको क्रमबद्धता र कार्यसम्पन्न गर्न सक्ने क्षमता | २० | | | | | |
| ४ | स्पष्टसँगत जिम्मेवारी र प्रस्तावित कार्ययोजना सहित गर्ने कार्यक्रमको विस्तारित जानकारी लेखन | १५ | | | | | |
| ५ | कार्यक्रम गर्ने टिमको विशेषज्ञता तथा विगतमा गरेका कामको अनुभव | २० | | | | | |
| प्राविधिक मुल्यांकनको जम्मा अंकभार | | १०० | | | | | |

## ८. आवेदनका लागि :

ईच्छुक सञ्जाल, संघ, संस्था, समूहले माथि उल्लेखित योग्यता हासील गर्न सक्ने अवस्थामा काम गर्नको लागि ईच्छा भएको पत्र र बढीमा ५ पेजको अवधारणा पत्र जसमा प्रस्तावमा उल्लेख गरिएअनुसार आवश्यक कार्यविधि, कार्यअनुभव, संक्षिप्त प्राविधिक विश्लेषण र काम गर्ने टिमको क्षमता सहितको कार्यक्रम सम्पन्न गर्नका लागि आवश्यक लागतको बजेट योजना तलको ईमेल तथा ठेगानामा ३१ अक्टुबर २०२१ भित्र पेश गर्नुपर्नेछ । छनौटमा पर्न सफल संघसंस्थालाई मात्र अर्न्तवार्ताको लागि सम्पर्क गरिनेछ ।

**सम्पर्क ठेगाना:**
सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल
केन्द्रीय कार्यलय: नारायण नगरपालिका १, नयांबजार, दैलेख
सम्पर्क नं.: ०८९ ४१००९६, ४१०१८७
ईमेल: sosecdailekh@gmail.com, info@sosec.org.np
वेभसाईट: sosec.org.np